Reg.No.: 1287/067/068

# सिभिल लघुवित्त वित्तीय संस्था लि.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

**CIVIL LAGHUBITTA BITTIYA SANSTHA LIMITED**

(A subsidiary company of Civil Bank Limited)

**Central Office:**
Chabahil, Kathmandu, Nepal
Phone No: 01-4598333, 01-4598334
E-mail: info@civillaghubitta.com.np
Web.: www.civillaghubitta.com.np

# UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

## As at 3rd Quarter of the FY-2077/78

(NPR in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,360,259** | **2,102,334** | **1,366,645** |
| 1.1 | Paid-up Capital | 233,934 | 233,934 | 114,114 |
| 1.2 | Reserves and Surplus | 112,893 | 105,927 | 38,496 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1,289,689 | 1,135,824 | 734,435 |
| 1.5 | Deposits (a+b) | 574,675 | 497,667 | 384,297 |
| | a. Domestic Currency | 574,675 | 497,667 | 384,297 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 20,651 | 11,752 | 5,436 |
| 1.7 | Other Liabilities | 128,416 | 117,229 | 89,867 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,360,259** | **2,102,334** | **1,366,645** |
| 2.1 | Cash & Bank Balance | 83,283 | 212,022 | 57,018 |
| 2.2 | Money at call and short Notice | | | |
| 2.3 | Investments | | | |
| 2.4 | Loans & Advances | 2,210,669 | 1,832,082 | 1,254,066 |
| 2.5 | Fixed Assets | 21,006 | 19,888 | 20,182 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 45,301 | 38,342 | 35,379 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 181,054 | 113,277 | 137,350 |
| 3.2 | Interest Expense | 64,157 | 42,603 | 78,125 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **116,897** | **70,674** | **59,224** |
| 3.3 | Fees Commission and Discount | 1,095 | 126 | 721 |
| 3.4 | Other Operating Income | 42,617 | 28,046 | 29,795 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **160,608** | **98,845** | **89,740** |
| 3.6 | Staff Expenses | 59,076 | 38,900 | 45,876 |
| 3.7 | Other Operating Expenses | 31,000 | 19,305 | 22,478 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **70,533** | **40,640** | **21,386** |
| 3.8 | Provision for Possible Loss | | | 12,068 |
| **D** | **Operating profit (C-3.8)** | **70,533** | **40,640** | **9,318** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 192 | - | 1,067 |
| 3.10 | Write Back of Provision for Possible Loss | 5,760 | 2,452 | 9,548 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **76,484** | **43,092** | **19,933** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **76,484** | **43,092** | **19,933** |
| 3.12 | Provision For Staff Bonus | 7,648 | 3,917 | 1,812 |
| 3.13 | Provision For Tax | 20,651 | 11,752 | 5,436 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **48,185** | **27,422** | **12,685** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 15.52% | 17.87% | 10.93% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.71% | 2.41% | 2.66% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 78.13% | 61.21% | 61.06% |
| 4.4 | Cost of Funds | 5.72% | 6.02% | 10.14% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 240.23% | 218.90% | 233.57% |

Note: 1. Civil Laghubitta Bittiya Sanstha's accounts of Chaitra end 2077 have been certified by the Company's Internal Auditor, which could be changed if the statutory auditor / supervisory authority notify and remarks to chage the unaudited financial statements.

2. Bonus share as proposed by organization is under consideration by the regulatory Authority and therefore not disclosed in paid up capital.

| Interest Rate : | |
|---|---|
| 1. Deposit : 3% - 8.91% | 2. Loan & Advance : 15% |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७७/७८ को तेश्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः
आ.व. २०७७/७८ को तेश्रो त्रैमासको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई संस्थाको वेबसाईटः www.civillaghubitta.com.np मा पनि राखिएको छ।

(ख) यस सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड (सिभिल बैंक लिमिटेडको सहायक कम्पनी) मा ६० प्रतिशत संस्थापक सेयर र ४० प्रतिशत सर्वसाधारणको सेयर स्वामित्व रहेको छ भने संस्थापक सेयरधनी श्री सिभिल बैंक लिमिटेडको ५१ प्रतिशत सेयर स्वमित्व रहेको छ। यस वित्तीय संस्थासंग सम्बन्धित पक्षसंगको कारोवार अन्तर्गत सिभिल बैंक लिमिटेडसँगको कारोबार निम्न बमोजिम रहेको छ।
**१. सिभिल बैंक लिमिटेडबाट लिएको सापटी : रु. ३४,९५,३५,७२४/-**   **२. सिभिल बैंक लिमिटेडमा रहेको मौज्दात : रु. २०,५२,८४२/-**

(ग) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति सेयर आम्दानी अनुपात (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ | प्रति सेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २७.४६ | ४६.७९ | १४७.७१ | १००८.९४ | १४.४९ |

**२. व्यवस्थापकीय विश्लेषण:**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरणः
गत आर्थिक वर्ष देखि विश्वमहामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को प्रभावबिच पनि यस त्रैमासिक अवधिमा यस संस्थाको कारोवार, मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले अनुमान गरे अनुरुप सकारात्मक परिवर्तन देखिएको छ। सदस्य संख्या, समुह सदस्यको निक्षेप तथा कर्जा लगानी बढाउदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ग्राहक सदस्यहरुलाई वित्तीय संस्थाको सेवामा आकर्षित गर्न सक्नु मुख्य सबल पक्ष रहेका छन्।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः
राष्ट्रिय स्तरको कार्यक्षेत्रको अनुमति प्राप्त यस वित्तीय संस्थाले संख्यात्मक तथा गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडि सारेको छ। फलस्वरुप तेश्रो त्रैमाससम्म ५५ शाखा कार्यालयहरु मार्फत ४७,५४९ विपन्न घरपरिवारका ग्राहक सदस्यहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ। साथै, लघुवित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लैजाने उद्देश्य अनुरुप यस वित्तीय संस्थाले थप ७ शाखाहरु विस्तार गरी सञ्चालनमा ल्याइसकेको छ र आगामी दिनहरुमा पनि थप शाखाहरु विस्तार गर्दै अगाडि बढ्ने लक्ष्यका साथ कार्य भैरहेको छ।

(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः
कोभिड-१९ दोश्रो लहरको प्रभावलाई कम गर्न नेपाल सरकारद्वारा जनहितमा जारी स्वास्थ्य सुरक्षा र संयन्त्रलाई ध्यानमा राख्दै सदस्यहरुसंग वित्तीय कारोबारलाई अगाडि बढाईरहेका छौं। हाल विश्वब्यापी रुपमा फैलिएको विभिन्न भेरीएन्ट सहितको दोश्रो लहरको कोभिड-१९ को संक्रमणको जोखिमका कारण कारोवारलाई असर पर्न सक्ने सम्भावना बढ्दै गएको छ। महामारीको प्रभावसँगै श्रोतको परनिर्भरता, अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि समस्या रहेतापनि सदस्यहरुले यस संस्थाप्रति देखाएको विश्वासले गर्दा संस्थाको आम्दानीमा अझै राम्रो सुधार आउन सक्ने कुरामा व्यवस्थापन विश्वस्त छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) सेयर कारोवार धितोपत्र बजारबाट निर्देशित हुने हुँदा व्यवसायको बृद्धिसँगै कारोवार मूल्य सकारात्मकतातर्फ उन्मुख हुनु स्वाभाविक हो। राजनैतिक अवस्था, नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेबसाइट अनुसार त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १३२४ | ८६३ | १२८५ | ५८ | १२७७४ |

**५. समस्या तथा चुनौती :**

(क) बढ्दो प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव, सञ्चालन खर्चमा हुनसक्ने वृद्धि तथा नीतिगत परिवर्तनबाट चुनौती सृजना हुन सक्ने।

(ख) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार, सूचना प्रविधि आदिको अभावको कारण त्यस्ता स्थानहरुमा उल्लेख्य मात्रामा कार्यक्रम विस्तार गर्न नसकिएको।

(ग) कोभिड-१९ जस्ता अप्रत्याशित रुपमा आईपर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौती।

**६. संस्थागत सुशासन :**

यस वित्तीय संस्थाले विद्यमान ऐन कानुन तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि सदैव प्रतिबद्ध रहेको छ। साथै, वित्तीय संस्थाका सेयरधनिहरु प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ। नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था सञ्चालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव बमोजिम कार्यान्वयन गर्दै आएको छ। लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था तथा सदस्यहरुलाई अप्ठ्यारो परेको बेला सहयोग पुऱ्याउने उद्देश्यले स्थापित ग्राहक संरक्षण कोषको व्यवस्था गरिएको छ। यस वित्तीय संस्थाको सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाउन विभिन्न उपसमितिहरु गठन गरी कार्य संचालन गर्दै आएको छ। आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरिक्षणबाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ वनाउन सञ्चालक समिति कटिबद्ध रहेअनुसार कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन।